# काठमाडौँ उपत्यकामा घुम्ती हुलाक सेवा संचालन

गोश्वारा हुलाक कार्यालयद्वारा काठमाडौँ उपत्यकाका ३ जिल्लाका विशेषत नगर क्षेत्रलाई समेट्ने गरी मिति २०७४/०१/१५ देखि घुम्ती हुलाक सेवा संचालनमा आएको छ । उक्त सेवाको शुभारम्भ माननीय सुचना तथा संचार मन्त्री सुरेन्द्र कुमार कार्की, सुचना तथा संचार मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ र हुलाक सेवा विभागका महानिर्देशक सुरेश अधिकारीद्वारा भएको छ ।

गोश्वारा हुलाक कार्यालय वैदेशिक हुलाक सेवातर्फ डाँक विनिमय केन्द्रको भुमिका सहितको नेपालको हुलाक सेवा कार्यसंचालन स्तरको एक केन्द्रिय तहको कार्यालय हो जसले स्थानीय स्तरको कामको सन्दर्भमा हाल काठमाडौँमा घरघरसम्म चिठीपत्र, पार्सल, डकुमेन्ट, द्रुत सेवा, सेम डे तथा पोष्ट बक्स सेवा संचालन गर्दै आएको छ भने संगसंगै घुम्ती हुलाक सेवाको थालनी गरेको छ ।

नयाँ व्यवस्थापन शैली, आधुनिक संचार प्रविधि र नविन सोचका साथ परम्परागत हुलाक कार्यालयमा रहेको सेवालाई यो घुम्ती गाडीमार्फत गाउँ टोलमा रहेका सेवाग्राहीसम्म पुऱ्याउने प्रयासस्वरुप यो घुम्ती हुलाक सेवाको थालनी गरिएको हो । सस्तो, भरपर्दो गुणस्तरीय र विश्वसनीय सेवाको रुपमा स्थापित गर्दै अघि बढ्ने हाम्रो लक्ष्य हो ।

# घुम्ती हुलाक सेवामा प्रदान गरिने प्रमुख सेवाहरु

**दर्ता तथा वितरण वा डेलिभरी सेवा :** हामीले कुनै पनि व्यक्तिगत तथा संस्थागत चिठीपत्र, डकुमेन्ट, पार्सल, स-साना पाकेटहरु, अन्य सामान लगायतका हुलाक वस्तुहरु आन्तरिक द्रुत सेवा तथा रजिष्ट्री सेवा प्रदान गरिनेछ ।

**विकी सेवा** : हुलाक टिकट, पोष्ट कार्ड लगायतका हुलाक वस्तुहरु समेत उपलब्ध हुन सक्नेछ ।

**ढुवानी सेवा :** चिठीपत्र, डकुमेन्ट, पार्सल स-साना पाकेटहरु अन्य सामान लगायतका हुलाक डाँक वस्तुहरुका साथै नियमित डाँक ढुवानी समेत गरिनेछ ।

# घुम्ती हुलाक सेवाका रुटहरु

रुट नं १ काठमाडौँ क्षेत्र

रुट नं २ ललितपुर क्षेत्र

रुट नं ३ भक्तपुर क्षेत्र

यी उपरोक्त सेवाको लागि आवश्यक कागजात बुझाउनुपर्ने राजश्व सेवा प्राप्त गर्ने समय लगायतका विवरण घुम्ती टोलीबाट प्राप्त गर्न सकिनेछ । समग्रमा हुलाक सेवा सम्बन्धीत जानकारीको लागि यस कार्यालयबाट प्रकाशित ब्रोस्योर पनि सहयोगि सामाग्री बन्न सक्नेछ । थप जानकारीको लागि घुम्ती टोली, कार्यालय स्थित कल सेन्टर, गुनासो सुन्ने

अधिकारी तथा सुचना अधिकारीसँग सम्पर्क राख्न सक्नुहुनेछ । तपाइँले अनलाइनमा आफ्नो सेवाबारे जानकारी लिन चाहनुहुन्छ भने गोश्वारा हुलाक कार्यालयको वेबसाइटमा गइ आफूले सेवा दर्ता गर्दा प्राप्त नम्बरलाई आफ्नो मोबाइलबाटै ट्र्याक गरी चिठीपत्र पार्सल आदि पुगे नपुगेको जानकारी लिन सकिनेछ। यो सेवाको बारेमा कुनै सुझाव दिनु वा गुनासो राख्नु परेमा सम्बन्धीत घुम्ती टोली कार्यालय स्थित शाखा प्रमुख र सो पश्चात गुनासो सुन्ने अधिकारी समक्ष राख्नुपर्नेछ । निजहरुको सुनुवाईमा चित्त नबुझेमा कार्यालय प्रमुख र सो माथि हुलाक सेवा विभागका महानिर्देशक उपर सुझाव वा गुनासो राख्न सकिनेछ ।

घुम्ती हुलाक सेवा र गोश्वारा हुलाक कार्यालयबाट प्रदान हुने सेवाको बारेमा विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट www.gpo.gov.np मा भिजिट गर्न सक्नुहुनेछ ।

थप जानकारीका लागि

सम्पर्क नं :०१४४१२९२४

कल सेन्टर :०१४४३२८९१

इमेल :administration@gpo.gov.np

फेसबुक पेज नं :https://www.facebook.com/GPONEPAL/